नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५९० मिति :- २०६९/८/१०

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरू ।

विषय :- इ.प्रा. परिपत्र संख्याः ५७९ मा संशोधन गरिएको बारे ।

महाशय,

तयारी पोशाक, गलैचा, पस्मिना, हस्तकला लगायतका बस्तु निर्यातकर्ताहरूलाई परिवर्त्य विदेशी मुद्रामा प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्ट-शिपमेन्ट (Post-shipment) कर्जा उपलब्ध गराउने सम्बन्धमा मिति २०६९/४/२६ मा जारी गरिएको इ.प्रा. परिपत्र संख्याः ५७९ को दफा २ लाई देहायबमोजिम संशोधन गरिएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

२. यस्तो कर्जा प्रदान गरे वापत सम्बन्धित बैंकहरूले माग गरेमा असल कर्जाको तमसुकको धितोमा वार्षिक लाइवोर (LIBOR) दरमा ०.२५ (शून्य दशमलव दुई पाँच) प्रतिशत थप गरी हुन आउने व्याजदरमा प्रचलित व्यवस्थाको अधिनमा रही बैंक तथा वित्तीय संस्थाहरुबाट पुनरकर्जा माँग भएको दिनमा नै सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई यस बैंकले परिवर्त्य विदेशी मुद्रामा पुनरकर्जा उपलब्ध गराउने छ ।

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस्तो पुनरकर्जा माँग गर्दा यस बैंकको निर्देशन बमोजिमको पुँजीकोष प्रर्याप्तता (Capital adequacy) पुरा गरेको हुनु पर्नेछ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौ ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।